annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३०५ पृष्ठ १२ | काठमाडौं, सोमबार २६ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४५ | MONDAY, MARCH 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कुन उक्साबटमा सल्बलाए 'पुनरुत्थानवादी' ?



पूर्वराजा ज्ञानेन्द्र शाहलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार स्वागत गर्दै उनका समर्थकहरू । ● अभिषेक महर्जन

पूर्वराजा ज्ञानेन्द्र शाह आइतबार पोखराबाट काठमाडौं फर्के । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिर 'राजावादी'हरूले उनको स्वागत गरे । त्यसअघि राजावादीहरूले राजधानीमा र्‍याली निकाले । 'राजा आउ देश बचाउ' भन्ने नाराबाजी गरे । पूर्वराजाको 'स्वागत' गर्ने भन्दै केही दिनयता प्रदर्शनको तयारीमा जुटेका थिए । यसबाट प्रश्न उठेको छ- संघीय गणतान्त्रिक मुलुकमा यति छिट्टै पुनरुत्थानवादीहरू किन र कसरी सल्बलाए ? देशमा किन पश्चागमनको माग हुन थाल्यो ? लोकतान्त्रिक शक्तिहरूबाट जनताले जवाफको माग गरिरहेका छन् ।

सुरेन्द्र काफ्ले/राधा खनाल | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २

## सिरियामा सेना र लडाकुबीच द्वन्द्व, १८० को मृत्यु

**बेरुत** (एजेन्सी) : सिरियाली सेना र पूर्वराष्ट्रपति बसर अल-असदका लडाकुहरूबीच लताकिया र टार्टसको तटीय क्षेत्रहरूमा भीषण द्वन्द्व सुरु भएको छ । दुई दिनमा भएको द्वन्द्वमा १ सय ८० भन्दा बढीको मृत्यु भइसकेको जनाइएको छ । साथै तीन सयभन्दा बढी व्यक्ति घाइते भएका छन् ।

द्वन्द्वग्रस्त क्षेत्र रुसी नियन्त्रित एयरबेसको नजिक छ। स्रोतका अनुसार सुरक्षाबलले एक व्यक्तिलाई पक्राउ गर्न खोज्दा झडप सुरु भएको थियो। यसपछि सरकारले लताकिया र टार्टसमा ठूलो संख्यामा सेना तैनाथ गरेको छ। साथै, कर्फ्यु लगाउने आदेश पनि दिइएको छ।

सिरियाली सरकारले असदप्रति वफादार लडाकुहरूले सुरक्षा बलमाथि आक्रमण गरेपछि हिंसा भड्किएको जनाएको छ। यसैबीच, असदका लडाकुहरूले सुरक्षा बलमाथि आवासीय क्षेत्रहरूमा बमबारी गरेको आरोप लगाएका छन्। लताकिया र टार्टस प्रान्तमा भएको हिंसाले अबु मोहम्मद अल-जुलानीको नेतृत्वमा रहेको सरकारलाई चुनौती दिएको छ। यी क्षेत्र अल्वी समुदायको गढ हुन्।

## भारत-पाकिस्तान सीमामा यात्रा नगर्न अमेरिकाका नागरिकलाई आग्रह

**वासिङ्टन डीसी** (एजेन्सी) : अमेरिकाले आफ्ना नागरिकहरूका लागि एडबाइजरी जारी गरेको छ। यसमा अमेरिकी नागरिकलाई भारत-पाकिस्तान नियन्त्रण सीमा वारिपारि यात्रा नगर्न आग्रह गरिएको छ।

एडबाइजरीमा पाकिस्तानको बलुचिस्तान र खैबर पख्तुनख्वाको यात्रा पनि निषेध गरिएको छ। यी क्षेत्रहरूमा आतंकवाद र सशस्त्र द्वन्द्वको सम्भावना रहेकोले उक्त एडवाइजरी जारी गरिएको जनाइएको छ।

एडवाइजरीमा भनिएको छ, 'पाकिस्तानमा हिंस्रक अतिवादी समूहहरूले आक्रमण गरिरहेका छन्। बलुचिस्तान प्रान्त र खैबर पख्तुनख्वामा आतंकवादी आक्रमणहरू भइरहेका छन्। पूर्वसंघीय प्रशासित आदिवासी क्षेत्रहरूमा आक्रमण भइरहेको छ। जसलाई एफएटीए वा संघीय प्रशासित आदिवासी क्षेत्रहरू पनि भनिन्छ। यहाँ धेरै आतंकवादी आक्रमणमा धेरैको ज्यान गएको छ।' अतिवादीहरूले स्थानीय सैन्य र प्रहरी अड्डाहरूमा पनि आक्रमण गरेको जनाइएको छ।

# वैदेशिक रोजगारीले धानेको सामाजिक सुरक्षा कोष

ममता थापा | *काठमाडौं*

वैदेशिक रोजगारीमा गएकालाई सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा समेट्न थालेको करिब दुई वर्ष भयो। यसबीच वैदेशिक रोजगारमा गएका १४ लाख ९९ हजार २ सय ५८ जना कोषमा आबद्ध भएका छन्। जुन, ७२.५३ प्रतिशत हो। यसले के स्पष्ट गर्छ भने सुरक्षा कोष वैदेशिक रोजगारीले धानेको छ।

हाल सूचीकृत संस्थादेखि स्वरोजगार गरी कोषमा २० लाख ६७ हजार १८ जना योगदानकर्ता सूचीकृत छन्। सामाजिक सुरक्षा कोषको तथ्यांकअनुसार योजना सुरु भएदेखि २०८१ फागुन २५ गतेसम्म वैदेशिक रोजगारमा जानेहरू टन्नै सूचीकृत भएका छन। २०७९ चैत्र ८ गतेदेखि वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगारमा रहेका नेपालीलाई सामाजिक सुरक्षा योजनामा अनिवार्य सहभागी गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको थियो। श्रम स्वीकृति लिँदा अनिवार्य सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने र कम्तीमा एक महिनाको योगदान रकम बुझाउनुपर्ने अनिवार्य व्यवस्था लागू भएको थियो।

दुर्घटना, अशक्त र आश्रित परिवार सुरक्षा योजनामा योगदान रकम संकलन
**११,९४,४७,४९,४३४**

वैदेशिक रोजगारमा जाने योगदानकर्ताको संख्या
**१४,९९,२५८**

वैदेशिक रोजगारमा गएकाहरूको कुल योगदान रकम संकलन
**१४,१८,१७,२९,७२१**

वृद्ध अवस्था सुरक्षा योजनामा योगदान रकम संकलन
**२,२३,६९,८०,२८८**

कोषमा वैदेशिक रोजगारका योगदानकर्ताबाट १४ अर्ब १८ करोड १७ लाख २९ हजार ७ सय ७१ रुपैयाँ योगदान रकम संकलन भएको छ।

श्रम स्वीकृति लिने र श्रम स्वीकृति नवीकरण गर्ने बेला नभएकाहरूले पनि वैदेशिक रोजगार विभाग र कोषमार्फत सहभागी हुन सक्ने व्यवस्था छ। वैदेशिक रोजगारीमा रहेकाले विभागको सफ्टवेयरमार्फत व्यक्तिगत वा म्यानपावर एजेन्टमार्फत कोषमा सूचीकृतका लागि निवेदन दिन पाउँछन्। सुरुवाती चरणमा कोषमार्फत वैदेशिक रोजगारमा जानेलाई अनिवार्य सहभागी हुनुपर्ने व्यवस्था आउँदा औषधि उपचारको सुविधा थिएन। त्यसैकारण सुरुको किस्ता बुझाउने र बीचैमा मासिक किस्ता नबुझाउनेको संख्या बढेको थियो।

त्यसपछि कार्यविधि नै संशोधन गरिएको कोषका कार्यकारी निर्देशक कविराज अधिकारी बताउँछन्। उनी भन्छन्, 'यसका फाइदाबारे थाहा नपाएर र पैसा पठाउन सहज नभएर पनि सुरुको पहिलो महिनाको मात्रै तिर्ने, त्यसपछि नियमित नगर्नेहरू बढी देखिएका थिए। तर पछिल्लो समय कोषले वैदेशिक रोजगारमा जाने योगदानकर्ताहरूलाई गत जेठ १ गतेदेखि औषधि, उपचारको सुविधा थपेपछि भने आकर्षण बढ्न थालेको र नियमित रकम संकलन गर्नेको संख्या बढेको छ।'

हाल सञ्चालित योजनाहरूमा दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना रहेका छन। यसबाट धेरै लाभान्वित भएको बताउँछन्, कोषका उपकार्यकारी निर्देशक विवेक पन्थी।

» बाँकी पृष्ठ ६

## राप्रपालाई १ लाख जरिबाना

**काठमाडौं** (अन्नपूर्ण) : काठमाडौं महानगरपालिकाले राष्ट्रिय प्रजातन्त्र पार्टीलाई एक लाख रुपैयाँ जरिबाना तिराउने निर्णय गरेको छ। महानगरले आइतबार साँझ राप्रपालाई जरिबाना पत्र काटेको हो। पूर्वराजा ज्ञानेन्द्रको स्वागत भन्दै आइतबार गरिएको प्रदर्शनका क्रममा विमानस्थल, तीलगंगा, गौशालालगायत सार्वजनिक क्षेत्रमा भौतिक क्षति पुग्नुका साथै जथाभावी फोहोर गरिएको भन्दै महानगरपालिकाले राप्रपालाई एक लाख रुपैयाँ जरिबाना तिराउने निर्णय गरेको हो।

कार्यक्रममा सहभागी व्यक्तिहरूबाट सार्वजनिक क्षेत्रका सडक, सडकपेटी तथा आइल्यान्ड र त्यहाँ रहेका बिरुवाका साथै रेलिङहरूमा भौतिक क्षति पुगेको र जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण गरिएको महानगरपालिकाले काटेको पत्रमा उल्लेख छ। महानगरका नगर प्रहरी निरीक्षक लीलाराज गाछा थापामगरले राष्ट्रिय प्रजातन्त्र पार्टीका नाममा पठाएको चिठीमा फोहोरमैला व्यवस्थापन ऐन २०६८, काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ र आर्थिक ऐन २०८१ बमोजिम एक लाख रुपैयाँ जरिबाना गरिएको उल्लेख छ।

# पाइला-पाइलामा पुण्य, मिथिला परिक्रमा

गोविन्द महतो | *जनकपुरधाम*

एउटा हातमा पाल बनाउने बाँसका खम्बा, अर्को हातमा लुगाफाटोको झोला। शिरमा खानेकुराको पोको। ओठमा मुस्कानसहित जय सियारामको स्तुति गर्दै नेपाल र भारतका लाखौं भक्तजन मिथिला परिक्रमामा सहभागी छन्। मिथिलाको सांस्कृतिक धरोहरको रूपमा रहेको १५ दिने माध्यमिकी परिक्रमाले यस क्षेत्रको माहोल नै उत्सवमय छ। सन्त महन्थको सहर जनकपुर र यस वरिपरिको क्षेत्रमा अर्कै रौनक छ।

नेपाल-भारतको सांस्कृतिक सेतु हो, माध्यमिकी मिथिला परिक्रमा। धनुषा, महोत्तरी तथा भारतको उत्तरी बिहारका धार्मिक, ऐतिहासिक स्थानहरू समेट्ने 'मिथिला परिक्रमा' एउटा महत्त्वपूर्ण धार्मिक तीर्थस्थलको रूपमा स्थापित छ। मिथिला परिक्रमामा नेपालको १ सय ८ र भारतको २७ गरी करिब १ सय ३५ किलोमिटरको पैदलयात्रा गर्नुपर्छ। साधु सन्त, गृहिणी तथा हजारौं श्रद्धालु भक्तजनहरूको सहभागिता रहन्छ। तर ठाउँमा कच्ची बाटो, भत्केका पुलपुलेसा र खाल्डाखुल्डीका कारण परिक्रमामा सहभागी हुनेहरूले दु:ख कष्ट व्यहोर्ने गरेका छन्।

यसैकारण परिक्रमामा लाखौं श्रद्धालु सहभागी हुने गरे पनि पर्यटकीय क्षेत्रको रूपमा विकास हुन सकेको छैन। सन् १८१६ मा भएको सुगौली सन्धिले प्राचीन मिथिलालाई नेपाल र भारतमा छुट्याायो। तर, पनि मिथिला परिक्रमाको आस्थामा



भने दुवै देशका नागरिकको उत्तिकै श्रद्धा, सम्मान र सहभागिता रहने गरेको छ।

२०४९ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा परिक्रमा सडक निर्माण गर्ने दुई देशबीच सहमति भएको थियो। तर, अझै पक्की सडक निर्माण हुन सकेको छैन। परिक्रमा सडकको निर्माण नहुँदा आन्तरिक पर्यटन व्यवसायसमेत फस्टाउन सकेको छैन। परिक्रमामा सडक निर्माण भए धनुषा र महोत्तरीका साथै भारतीय मधुवनी जिल्ला पनि जोडिनेछ। यसले दुवै देशको सांस्कृतिक र आर्थिक विकासमा टेवा पुग्नेछ।

**आध्यात्मिक पक्ष-सुखको क्षणिकता प्रदर्शन**

मिथिला परिक्रमाको आध्यात्मिक पक्ष हो-सुखको क्षणिकता प्रदर्शन। परिक्रमा आफैंमा एउटा गन्तव्य हो भन्ने स्वीकार गर्नु पनि हो। मिथिला-परिक्रमा तीन प्रकारका छन्। बृहद्, मध्य र अन्तरगृह। 'बृहद् परिक्रमा' तत्कालीन मिथिला राज्य अर्थात् उत्तरमा हिमालय पर्वतको फेदीबाट सुरु भएर पूर्व कोशी, दक्षिण गंगा, पश्चिम गण्डकी हुँदै सुरु भएकै ठाउँमा आएर टुंगिन्छ।

यसरी मिथिला महात्ममा हरिहर क्षेत्रबाट प्रारम्भ भई गण्डकी नदीको किनारा हुँदै हिमालय क्षेत्र, कोशी नदी भएर पुन: हरिहर क्षेत्रमा समापन हुने बृहद् परिक्रमाको चर्चा भएको पाइन्छ। हिजोआज साधु-सन्तबाहेक सर्वसाधारणले बृहद् परिक्रमामा सहभागी हुन छोडेका छन्।

माध्यमिकी परिक्रमा धनुषाको मिथिला बिहारी नगरपालिकाको ठेरा कचुरीबाट मिथिला बिहारीको डोला तथा जनकपुरधामको अग्निकुण्डस्थित सुन्दर सदनबाट किशोरीजीको डोला नै परिक्रमाको मुख्य आकर्षण हो। डोलामा सीतारामको प्रतिमा राखिएको हुन्छ।

जनकपुरस्थित रत्नसागर स्थानका स्वर्गीय महन्थ बाबा नारायण दासले करिब डेढ सय वर्ष पूर्वदेखि साधुसन्तलाई लिएर वनजंगलको बाटो भएर माध्यमिकी परिक्रमालाई मिथिला महात्मको निर्देशानुसार फेरि सुरुवात गरेको बताइन्छ। त्यसलाई करिब ५० वर्षपछि सीताकुण्डका महन्थ परमहंश सियालाल शरणले साधुसन्तसहित बाजागाजाका साथ परिक्रमा गरेका थिए। परिक्रमाको महत्त्व बढाउने तथा वैष्णव सम्प्रदायको प्रवर्द्धनमा महन्थ परमहंसको उल्लेखनीय योगदान मानिन्छ।

» बाँकी पृष्ठ ६